# मकवानपुरगढी गाउँपालिकाको कोभिड-१९ रोकथाम , नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७६

मकवानपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

# कोभिङ १९ रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तीको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७६

## पृष्ठभूमि

विश्वमा महामारीको रिपमा फैलिएको कोभिङ भाइरस १९ ले नेपालमा पनि प्रभाव परेको सन्दर्भमा यस मकवानपुरगढी गाउँपालिका पनि अछुतो रहने अवस्था रहेन । त्यस रोगलाइ गाउँपालिकाको क्षेत्रभित्र प्रकोपको रुपमा देखा नपरोस भनेर यस गाउँपालिका भित्र रहेको स्वास्थ्य कर्मी, सुरक्षाकर्मी तथा अति आवश्यक पर्ने अन्य जनशक्तिलाइ परिचालन गरिएको अवस्थामा त्यसरी परिचालन भएका जनशक्तिहरुको जोखिम कम गर्दै आर्थिक रुपमा पनि उत्प्रेरीत गर्ने उदेश्यले कोभिङ १९ रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तीको जोखिम भत्ता व्यवस्था गर्न आवश्यकता भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरि मकवानपुरगढी गाउँपालिकामा पनि सो रोगको नियन्त्रण तथा रोकथामको लागी मकवानपुरगढी गाउँपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मकवानपुरगढी गाउँ कार्यापालिकाको मिति २०७७/१/१६ गते वसेको वैठकको निर्णय वमोजिम यो कोभिङ १९ रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गरि लागु गरिएको छ ।

**१ .प्रारम्भिक**

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्य विधिको नाम "कोभिङ १९ रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तीको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७६" रहेको छ।

(ख) यो कार्यविधि मकवानपुरगढी गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ ।

**२.परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

क. "कोभिङ १९" भन्नाले कोभिङ भाइरसले सर्नेसंक्रमणवाट मानिसलाइ हुने रोग सम्झनु पर्छ

ख. "प्रयोगशाला" भन्नाले कोभिङ १९को परिक्षण गर्ने योग्य प्रयोगशाला सम्झनु पर्छ ।

ग. "जोखिम भत्ता" भन्नाले नोभल कोरोना भाइरसको रवकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न जनशक्तीलाई थप कार्यविधि अनुसार प्रदान गरिने भत्ता सम्झनु पर्छ ।

घ. " गाउँपालिका" भन्नाले मकवानपुरगढि गाउपालिका सम्झनु पर्छ ।

ङ. "जनशक्ती" भन्नाले कोभिङ१९ रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न देहायका स्वास्थ्यकर्मी तथा अन्य जनशक्ती सम्झनु पर्छ

१. सि.अ.हे.व

२. अ.हे.व

३. सि.अ.न.मि

४. अ.न.मि

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

५.ल्याव टेक्निसियन
६.एम्वुलेन्स चालक
७. कार्यालय सहयोगी
८. अन्य

**३. स्वास्थ्य कार्यालय तथा हेल्प डेक्समा संलग्न जनशक्तिः**

(क) गाउँपालिकाले स्थापना गरेको हेल्प डेक्समा सहयोग पुर्याउने तथा फिबर (ज्वोरो) क्लिनिकमा खटिएको जनशक्ति,

(ख) गाउपालिकाले स्थापना गरेको क्वारेन्टटाइम रहेको बेड तथा वार्डमा खटिएका जनशक्ति,

(ग) गाउँपालिका भरि रहेका स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाइमा कार्यरत सम्पुर्ण स्वास्थकर्मीहरु,

(घ) गाउँपालिकामा कार्यरत स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य कमर्चारी हरु

**(४) प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिः**

(क) यस गाउँपालिकाको वडा नं. २ मा रहेको ल्यावमा रहेको कर्मचारी ,

(ख) कोभिड–१९ संक्रमणको संकास्पद व्यक्तिको नमुना परिक्षण र प्रमाणिकरण गर्ने जनशक्ति,

(५) स्वास्थ्य आपतकालीन संचालन केन्द्र (HEOC) मा कार्य गर्ने तोकिएका जनशक्ति।

(६) उपदफा (१) (२).(३),(४) र (2) को जनशक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोगका लागि तत् तत् स्थानमा खटिएका जनशक्ति।

(७) कोभिड १९ का विरामीसंग सम्पर्कमा आएकाहरुको खोजी कार्यमा खटिएका स्वास्थ्य कर्मीहरु (contact tracing|

(८) उपदफा (१.(२),(३,४,५,६ र ७) मा उल्लेखित जनशक्ति बाहेक सम्बन्धित निकायले उपदफा (१),(२),(३),(४),१५,१६) र (७) उल्लेखित जनशक्तीको व्यवस्थापनमा संलग्न जनशक्ति भनी तोकेका कर्मचारी।

(९) यस कार्यविधि बमोजिम कार्यको अनुगमन, मुल्याङकन तथा व्यवस्थापनमा संलग्न जनशक्ति।

(१०) उपदफा (७) मा जुनसुकै कुरा उल्लेख भएतापनि सम्बन्धित निकायले जनशक्ति व्यवस्थापनका लागि कर्मचारीहरु तोक्दा कोभिड–१९ को उपचारमा संलग्न जनशक्तिको दस प्रतिशत भन्दा बढि नहुने गरी मात्र तोक्नु पर्नेछ।

**५. जोखिम भत्ता प्राप्त गर्न पुर्याउनु पर्ने प्रकृयाः**

(१) जोखिम भत्ता प्राप्त गर्नका लागि देहायका कागजातहरु संलग्न भएको हुनुपर्नेछः

(क) दफा ४ बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी।

(ख) क्वारेन्टाईनको हकमा क्वारेन्टाईनामा बसेका व्यक्तिको अभिलेख।

(ग) फिबर (ज्वोरो) क्लिनिकको हकमा फिबर क्लिनिक संचालन गरेको प्रमाण तथा फिबर क्लिनिकमा चेकजाँच गरेका व्यक्तीको विवरण।

(घ) उपचारमा संलग्न जनशक्तीको हकमा सरु परिक्षण गरेका, आईसोलेसनमा राखेका तथा संकमणको पुष्टिभई उपचार गरेका बिमारीको विवरण।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(ङ) ईमेजिङ्ग सेवा प्रदायककोहकमा कोभिड १९ को संकास्पद तथा पुष्टि भएका बिमारीलाई ईमेजिङ्ग सेवा प्रदान गरेको विवरण ।

(च) प्रयोगशाल परिक्षणमा संलग्न जनशक्तीको हकमा नमूना संकलन गराएका तथा प्रयोगशाला परिक्षण गरीएका व्यक्तिको विवरण ।

(२) उपदफा १ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोभिड–१९ को संक्रमण भएको व्यक्तिहरुलाई उपचार गर्न तोकिएको सरकारी अस्पतालमा कार्यरत जनशक्ति र दफा ४ को खण्ड (७) र (८) को जनशक्तीको हकमा खटाएको पत्र आवश्यक पर्नेछैन ।

**६. जोखिम भत्ताको श्रोत**

(१) यस गाउँपालिकावाट खटाएका जनशक्तिहरुको जोखिम भत्ता गाउँपालिकाले स्थापना गरेको कोरोना व्यवस्थापन कोष वाट खर्च गरिने छ ।

**७. जोखिम भत्ताको प्रतिशत निर्धारण:** देहायको जनशक्तिलाई देहाय बमोजिम जोखिम भत्ताको उपलब्ध गराइनेछः (क) यस गाउपालिकामा रहेका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत तथा गाउँपालिकाबाट स्थापना गरिएका हेल्प डेक्समा रहने र गाउपालिकावाट स्थापना गरेको क्वारेन्टाइन मा कार्यरत स्वास्थ्य कर्मीहरुको लागी उनिहरुले खाइपाइ आएको **शुरु तलव स्केलको पचास प्रतिशत** हुन आउने रकम उपलव्ध गराइने छ ।

**८. अनुगमन गरिने**

(१) जोखिम भत्ता लागु भए नभएका र तोकिएको जनशक्तिले मात्र जोखिम भत्ता पाएका सुनिश्चितताको अनुगमन गर्नको लागि गाउँपालिकाले एक अनुगमन समिति गठन गरी अनुगमन गराउनेछ ।

(२) अनुगमनका क्रममा समितिले आवश्यकता अनुसार सम्बन्धित निकायहरुलाई लिखित तथा मौखिक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन सम्बन्धितले पालना गर्नुपर्नेछ ।

**९. प्रतिवेदन पेश गर्नुपर्ने**

(१) अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन गरी अनुगनमा देखिएको यथार्थता र दिएको निर्देशन समेत उल्लेख गरी नियमित रुपमा गाउकार्यापालिकामा प्रतिवेदन पेश गर्नुपनेछ।

**१०. कार्यविधि लागु हुने**

यस गाउपालिकामा जोखिम भत्ता नेपाल सरकारले लक डाउन जारी गरेको मिति २०७६/१२/११ गते देखि नेपाल सरकारले लक डाउन अन्त्य नभय सम्मका लागि लागु हुने छ ।

**११. कार्यविधिको व्याख्या**

कार्यविधिमा उल्लेख भएका विषयहरुमा कुनै द्विविधा भएमा मकवानपुरगढी गाउँ कार्यापालिकाले व्याख्या गरी समाधान गर्नेछ ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत